CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

मिति २०८१।०८।१०
चलानी नं ३५।०८१।०८२

श्री नेपाल स्टक एक्चेञ्ज लिमिटेड
सिहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : कम्पनीको १५ औं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०८१/०८/१० गते (तदनुसार २५ नोभेम्वर २०२४ ) सोमवार दिनको ४.३० बजे बसेको ७१ औ संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको १५ औं वार्षिक साधारण सभा २०८१ साल पौष ३ गते बुधवार (तदनुसार १८ डिसेम्वर, २०२४) दिनको ११.०० बजे चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय थानकोट परिसरमा हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

यस कम्पनीको १५ औं (पन्ध्रौं) साधारण सभाको प्रयोजनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८१/०८/२१ गते शुक्रवार एक दिनको लागि बन्द रहने व्यहोरा अनुरोध गर्दछौं ।

साथै यस आर्थिक वर्षमा कम्पनीबाट कुनै प्रकारको लाभांस वितरण नगरिने पनि जानकारी गराइन्छ ।

**साधारण सभाका छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत पन्ध्रौं वार्षिक प्रतिबेदन पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०८०/०८१ को आय व्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**
१. संचालक समिति सदस्यको नियुक्ति अनुमोदन सम्बन्धमा ।
२. प्रबन्धपत्र तथा नियमावलीमा दफा तथा नियम संसोधन गर्न अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

सहयोगको लागि धन्यवाद ,

भवदीय

झलकराज शर्मा
कम्पनी सचिव

वोधार्थ :

१. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार ,ललितपूर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक , काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
Thankot, Kathmandu, Nepal
Tel: 977-1-4312515/ 4311719